नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरू:-

१. प्रमुख जिल्ला अधिकारीद्वारा जारी निषेधाज्ञाको अवधि समाप्ति पश्चात् नेपाल सरकारद्वारा लागू गरिएको स्वास्थ्य एवं सुरक्षाका मापदण्डहरू पालना हुने गरी जिल्लाभित्र सरकारी तथा निजी कार्यालय, वित्तिय संस्था, उद्योग, व्यवसाय, निर्माण कार्य आदि नियमितरूपमा सञ्चालनको लागि आवश्यक थप मापदण्ड तयार गर्ने देहाय बमोजिम एक समिति गठन गर्ने र सो समितिले मापदण्ड तयार गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा पेश गर्ने ।

निम्न:-

| | |
|---|---|
| संयोजक | जिल्ला समन्वय अधिकारी श्री आनन्दराज पोखरेल, जिल्ला समन्वय समितिको कार्यालय |
| सदस्य | अध्यक्ष श्री कृष्ण कटुवाल, मकवानपुर उद्योग वाणिज्य संघ |
| सदस्य | अध्यक्ष श्री रमेश प्याकुरेल, बैङकर्स एशोसिएसन मकवानपुर |

२. कोभिड-१९ को संक्रमितहरूको संख्या दिनानुदिन बढ्दै गइरहेको सन्दर्भमा लक्षण नदेखिएका संक्रमित व्यक्तिहरू चिकित्सकको सिफारिशको आधारमा नेपाल सरकारले तय गरेको मापदण्ड पूरा गर्ने गरी होम आईसोलेसनमा बस्न इच्छुक भएमा संक्रमित व्यक्ति बस्न खोजेको घर/कोठाको मापदण्डका सम्बन्धमा सम्बन्धित वडाका वडा अध्यक्ष, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीले संयुक्त रूपमा आवश्यक अनुगमन गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा सिफारिश गरी पठाउने ।

३. पछिल्लो समय यस जिल्लाभित्र कोभिड-१९ को संक्रमितहरूको संख्या बढ्दै गइरहेको सन्दर्भमा संक्रमितहरूको व्यवस्थापनका लागि होटलहरूलाई समेत आईसोलेसनको रूपमा प्रयोग गर्नुपर्ने अवस्था देखिएको हुँदा निजी खर्चमा होटल आईसोलेसनमा बस्न इच्छुक लक्षण नदेखिएका संक्रमितहरूलाई चिकित्सकको सिफारिश समेतको आधारमा राख्न मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष श्री माधव न्यौपाने र मकवानपुर होटल एशोसिएसनका महासचिव श्री विष्णु गोपाल महर्जनले होटलहरूसँग आवश्यक समन्वय गरी उपयुक्त होटलहरू पहिचान गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा सिफारिस गर्ने ।

४. PCR Test गर्नको लागि हेटौडामा एउटा मात्र PCR Machine रहेको र हाल संक्रमितहरूको संख्या दिन प्रतिदिन बढ्दै गएको एवं Contact Tracing मा परेका व्यक्तिहरूको नतिजा प्राप्तिमा समेत ढिलाई भएको (३/४ दिन पछि मात्र नतिजा आउने गरेको) कारण स्वाब संकलन गरिएका व्यक्तिहरूको व्यवस्थापनमा कठिनाई भएको हुँदा तत्काल १ वटा थप PCR Machine उपलब्ध गराउन बागमती प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्रलाई अनुरोध गर्ने ।

२०७७।०५।१२

दीपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी